# प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावनाः**

तमानखोला गाउँपालिकाका सामुदायिक विद्यालयहरु प्रविधिमैत्री हुन नसकेको र विद्यालयहरुको औसत शैक्षिक गुणस्तर समेत कमजोर रहेको अवस्थामा विद्यालयको शिक्षण सिकाइलाई आधुनिक र प्रविधिमैत्री बनाई शैक्षिक गुणस्तर समेत बढाउनका लागि गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ।

## परिच्छेद - १
## (प्रारम्भिक)

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम "प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" हुनेछ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कार्यविधि" भन्नाले 'प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' सम्झनुपर्छ।

ख) "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिका सम्झनुपर्छ।

ग) "कार्यपालिका" भन्नाले तमानखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

घ) "कार्यक्रम" भन्नाले प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सम्झनुपर्छ।

ङ) "कार्यालय" भन्नाले तमानखोला गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

च) "अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ज) "प्रविधि" भन्नाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रवलीकरण गर्ने खालका उपकरण, प्रक्रिया तथा सो सँग सम्बन्धित तालिम/कौशल समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद - २
## (कार्यक्रम तर्जुमा र कार्यान्वयन)

**३. उद्देश्यः**

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

१) विद्यालयको शिक्षण सिकाइलाई आधुनिक र प्रविधिमैत्री बनाउनु,

२) विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु,

३) प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सहज रुपमा कार्यान्वयन गर्नु,

तमानखोला गाउँपालिका

**४. कार्यक्रमको बजेटः**

यो कार्यक्रम कार्यान्वयन गर्न प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रमको लागि विनियोजित बजेटबाट खर्च गरिनेछ।

**५. मुख्य क्रियाकलापः**

प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमका मुख्य क्रियाकलापहरु सञ्चालन गरिनेछ।

क) अनलाइन शिक्षण प्लेटफर्म र सामग्री विकास,
ख) अनसाइट कोचिङ मेन्टरिङ,
ग) अभिभावकहरुलाई अनुशिक्षण कार्यक्रम,
घ) प्रयोगशाला व्यवस्थापन,
ङ) प्रविधि सहजकर्ता पारिश्रमिक,
च) प्रविधि उपकरणहरु (कम्प्युटर र ल्यापटप) को खरिद,
छ) विद्यालयहरुमा इन्टरनेट जडान,
ज) शिक्षक तालिम तथा क्षमता विकास,
झ) सुपरिवेक्षण तथा अनुगमन,
ञ) स्मार्ट बोर्ड र प्रोजेक्टर, पाठ्य सामग्री र सफ्टवेयर खरिद,
ट) गाउँपालिकाले महसुस गरेका अन्य विषयहरु,

**६. कार्यक्रम कार्यान्वयनको क्षेत्रः**

१) तमानखोला गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

२) कार्यक्रम कार्यान्वयनका लागि विद्यालय छनोट गर्नुपर्ने अवस्था भएमा देहायका आधारमा छनोट समितिले विद्यालय छनोट गर्नेछ,

क) विद्यालयको उपलब्ध शैक्षिक पूर्वाधार कमजोर भएको विद्यालयलाई पूर्वाधारमा प्राथमिकता दिने,
ख) शैक्षिक गुणस्तर कम भएको विद्यालयलाई तालिम/क्षमता अभिवृद्धि कार्यक्रममा प्राथमिकता दिने,
ग) पूर्वाधारका लागि क्रमशः माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहका विद्यालयलाई प्राथमिकता दिने,
घ) क्षमता अभिवृद्धिका लागि क्रमशः प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका विद्यालयलाई प्राथमिकता दिने,
ङ) छनोट समितिलाई उपयुक्त लागेको अन्य आधारमा छनोट गर्ने,

**७. सूचना प्रकाशन गर्नेः**

तमानखोला गाउँपालिका

१) कार्यालयले यस कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार क्रियाकलाप तोकि प्रविधि माग संकलनका लागि सामुदायिक विद्यालयलाई 'अनुसूची १' बमोजिमको ढाँचामा १५ (पन्ध्र) दिनको सूचना प्रशारण गर्ने,

२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि कार्यालयबाट कार्यान्वयन गर्न सकिने क्रियाकलापको हकमा सोझै कार्यालयले कार्यान्वयन गर्न वाधा पर्ने छैन,

**८. प्रविधि माग गर्नेः**

१) दफा (७) बमोजिमको सूचना प्राप्त भए पश्चात तोकिएको क्रियाकलाप अन्तर्गत सामुदायिक विद्यालयले तोकिएको ढाँचामा प्रविधि माग गर्नुपर्नेछ।

२) विद्यालयले प्रचलित कानून बमोजिम सामाजिक परीक्षण, लेखा परीक्षणको प्रतिवेदन र अद्यावधिक विद्यालय सुधार योजना सहित "प्रविधिमैत्री शिक्षण सिकाइ कार्यविधि, २०८२" को 'अनुसूची १' बमोजिमको ढाँचामा प्रविधि माग गर्नुपर्नेछ,

**९. छनोट समितिः**

दफा (७) बमोजिमको माग संकलन भएपछि बजेट र मागलाई मध्यनजर गर्दै प्रविधि छनोटका लागि देहाय बमोजिमको छनोट समिति रहनेछः-

| | | |
|---|---|---|
| गाउँपालिका अध्यक्ष | - | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| लेखा शाखा प्रमुख | - | सदस्य |
| प्रविधि सहजकर्ता | - | सदस्य |
| शिक्षा शाखा प्रमुख | - | सदस्य सचिव |

**१०. कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

१) कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खर्च सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्डको पालना गरिनेछ।

२) खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अबलम्वन गरिनेछ।

**११. अनुगमन तथा सुपरिवेक्षणः**

कार्यालयबाट कार्यक्रमको नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

## परिच्छेद - ३
## (प्रविधि सहजकर्ता सम्बन्धी व्यवस्था)

**१२. प्रविधि सहजकर्ता रहनेः**

१) कार्यक्रम कार्यान्वयन गर्नका लागि १ (एक) जना अधिकृत सरहको प्रविधि सहजकर्ता रहनेछ।

२) प्रविधि सहजकर्ता करार सेवाबाट पदपूर्ति गरिनेछ।

तमानखोला गाउँपालिका

**१३. सेवा अवधिः**

कार्यक्रम कार्यान्वयनमा रहेको अवस्थामा प्रविधि सहजकर्ताको करार अवधि बढीमा १ (एक) वर्षको हुनेछ।

**१४. नियुक्ति प्रक्रिया:**

प्रविधि सहजकर्ताको नियुक्ति प्रक्रिया "तमानखोला गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७" बमोजिम हुनेछ।

**१५. शैक्षिक योग्यताः**

मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक ( BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc. CSIT ) उत्तीर्ण गरेको हुनुपर्नेछ।

**१६. पद रिक्त हुने अवस्थाः**

देहायको अवस्थामा प्रविधि सहजकर्ताको पद रिक्त हुनेछ।

१. राजिनामा दिएमा,

२. कार्यक्रम समाप्त भएमा,

३. कार्य सम्पादन सन्तोषजनक नरहेको भनी कार्यालयले हटाउन चाहेमा,

४. मृत्यु भएमा।

**१७. कार्य विवरणः**

प्रविधि सहजकर्ताको विवरण देहाय बमोजिम हुनेछ।

क) विद्यालयको अनुगमन गरी प्रविधि तथा तालिम पहिचानका लागि सहजिकरण गर्ने,

ख) प्रविधि तथा तालिम छनोट गर्नका लागि छनोट समितिलाई प्राविधिक परामर्श गर्ने,

ग) प्रविधिको कार्यान्वयनका लागि विद्यालयलाई सहयोग गर्ने,

घ) प्रविधि उपयोगको तालिम प्रदान गर्ने,

ङ) प्रविधिको माग संकलन तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यालयलाई सहयोग गर्ने,

च) प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने,

## परिच्छेद - ४

## (विविध)

**१८. संशोधनः**

यस कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**१९. बाधा अड्काउ फुकाउ र व्याख्याः**

१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

**२०. बचाउ र खारेजीः**

१) हालसम्म भएका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

२) यो कार्यविधिको प्रावधान प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

तमानखोला गाउँपालिका

## अनुसूचि - १

## (प्रविधि माग गर्ने नमूना फाराम)

विद्यालयको नामः मितिः

ठेगानाः

| क्र.सं. | क्रियाकलापको नाम | बजेट | आवश्यक प्रविधि | एकाइ | संख्या | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | कार्यालयले आवश्यकता अनुसार उल्लेख गर्नेछ। | कार्यालयले आवश्यकता अनुसार उल्लेख गर्नेछ। | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| | | | | | | | |

विद्यालयको छापः

प्रमाणित गर्ने

नामः

पदः

हस्ताक्षरः

तमानखोला गाउँपालिका